दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२६ | बुटवल | २०८१ साउन २८, गते सोमबार | नेपाल संवत ११४४ | Monday Aug.12, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


## भन्सार गस्ती टोलीलाई तस्करले भगाए

**लुम्बिनी संवाददाता**

*भैरहवा*

शनिबार मर्चवारमा तस्करहरुले भन्सारको गस्ती टोलीलाई घेरामा लिइ गाडीसहितको तस्करीको सामान भगाएका छन् ।

पछिल्लो समय रुपन्देहीको मर्चवार त्रिलोकपुर नाका सबै तस्करहरुको रोजाइको रही नियमित रुपमा दिनरात गाडीमै तस्करी हुने गरेको थियो । प्याज, मटर र स्टीम चामल मुख्यरुपमा पिकअपमार्फत् नै यो नाकाबाट मुख्यतया तस्करी हुने गरेको छ । भन्सार टोलीले विभिन्न माध्यमबाट सूचनाको आधारमा यो नाकासहित मर्चवारबाट भित्रिएका तस्करका सामान समाउँदै आएको थियो । भारतीय बजारबाट नजिकै र नेपालमा पनि सहजै केही क्षणमै गन्तव्यमा पुऱ्याउन सक्ने भएकोले नै तस्करहरु यस्को फाइदा उठाउँदै तस्करी गरिरहेका थिए ।

भन्सारले सूचनालाई नै आधार बनाइ पटक-पटक गाडीसहितको सामान विभिन्न ठाउँबाट बरामद गर्दै आए पनि शनिबार पुष्टी सूचनाकै आधारमा त्रिलोकपुर नाकाबाट भित्रिएको सेतो मिनिट्रक पिकअप गाडीसहितको मटर आउँदै गरेको सूचना पाएलगतै भन्सारको गस्ती टोली मर्चवार पुगेको थियो । सधै सरकारी गाडीमा भन्सारबाट गस्ती टोली निस्कने बेलामै तस्करहरुसँग सूचना चुहावट हुने गरेकोमा भन्सारको टोली शनिबार भारतीय गाडीको प्रयोग गर्दै मर्चवार हानिएको थियो । गस्ती टोलीमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सारको कर्मचारी रहेका थिए, सूचनाको आधारमा त्यो टोलीले गाडीको खोजी गर्न थालेपछि तस्करहरुले यस्को सुइको पाइसकेका थिए । तस्करहरुले भन्सारको गस्ती टोलीले सामानसहितको गाडी खोज्दै छ भन्ने खबर पाएपछि केही बेर त्यो गाडी तस्करहरुले लुकाएर राखेका थिए । भन्सारको टोलीले सामान नपाएपछि फर्किरहेको अवस्थामा तस्करहरुले त्यो गाडी पुनः वनगाईतर्फ पठाउँदै गर्दा भन्सार टोलीलाई सूचना पुगेको थियो । भन्सार टोलीले नफर्किदै मर्चवारतर्फ फेरि जान लाग्दा उक्त तस्करीको गाडी गैरगट्टी-मकरी क्षेत्रमा फेला पऱ्यो । भन्सार टोलीले त्यो गाडी नियन्त्रणमा लिन खोज्दा तस्करहरुको समूहले टोलीलाई घेरा हाली तस्करीको गाडी भगाए । स्रोतका अनुसार सबै तस्करहरु एक भई गस्ती टोलीमाथि घेरा हाली आक्रमणको प्रयास गरेका थिए । सीमित साधान र स्रोतका साथ पुगेको गस्ती टोली गाडी फेला नपरेपछि फर्केको थियो ।

भन्सारको गाडी गाउँ पसेको सूचना पाउने र तस्कर भाग्ने आशंकामा भारतीय नम्बर प्लेटको गाडी प्रयोग गरेर मर्चवार पुगेको भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमले बताए । 'सूचना नचुहियोस् भनेर हामीले भन्सारको सरकारी नम्बर प्लेटको गाडी समेत प्रयोग नगरी त्यहाँ पुगेका थियौं । तर हाम्रो गाडी देख्नासाथ तस्करहरु जम्मा भएर हामीमाथि प्रहार गर्न थाले सुरक्षाको कारणले कुनै मुडभेड नहोस् भनेर हामी त्यहाँबाट निस्किन उचित ठानौं,' भन्सार प्रमुख गौतमले भने-'मिसन हाम्रो जारी छ, कहिलेकाँही असफल भए पनि तस्करलाई दबाबमा राखिरहेका छौं ।'

घटना भएपछि भन्सार टोली फर्के पनि त्यो गाडीको तीब्रताका साथ खोजी भइरहेको छ । हालसम्म त्यो गाडी फेला नपरेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख रंजितसिंह राठौरले बताए ।

स्रोतका अनुसार उक्त तस्करीको सामान वीरबहादुर जयसवाल नेतृत्व समूहको रहेको थियो, प्याजको तस्करीबाट लाखौ रकम भागमा पाएको त्यो समूह अहिले स्टीम चामल र मटरको व्यापक तस्करी गराइरहेको छ। १२-१८ लाख लाइन बाँडेको उनीहरुले खुलेआम निर्धक्क तस्करी गराइरहेका छन् । शनिबारको घटना पनि सोही समूह मातहत रहेको टोलीहरुले अनुमान गरेका हुन् ।

**सुप्रिमका बचतकर्ता आन्दोलित**

# १८ सय जनाको पौने एक अर्ब कहिले हुन्छ फिर्ता ?

**सहकारीको रकम हिनामिना गर्ने मुख्य नाइके संस्थाका संरक्षक जीबी राई र व्यवस्थापक सागर केसीसहित फरार १९ जनालाई सरकारले पक्राउ नगर्दा आफूहरूको माग सुनुवाइ हुन ढिलो भएको पीडितहरुको भनाइ छ। मुख्य राजनीतिक दल र तिनका नेताहरुले सहकारी पीडितका समस्याका विषयमा सत्तामा रहंदा एकथरि र प्रतिपक्षमा रहंदा अर्कोथरी कुरा गर्ने परिपाटीका कारण आफूहरुको वचत फिर्ता हुन्छ वा हुन्न भन्ने अन्योल भएको पीडितहरुले गुनासो गर्छन्।**

**टिआर शर्मा**

*बुटवल*



बुटवलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्थाका बचतकर्ताहरु फेरि आन्दोलित भएका छन् । उक्त सहकारीमा एक अर्ब बढी रकम जम्मा गरेका झण्डै दुई हजार बचतकर्ताहरू बचत फिर्ता र दोषीमाथि कारबाहीको माग गर्दै बुटवलबाट बसमा चढेर प्रदेश राजधानी दाङ पुगेर मुख्यमन्त्री कार्यालयसहित विभागीय मन्त्रालयमा ज्ञापनपत्र बुझाउँदै मन्त्रालय घेराउ र नाराबाजी गरेका छन् ।

उक्त सहकारीमा बचत रकम डुब्नेमा सार्वजनिक शौचालय सफा गर्ने, हातमा फलफूल लिएर बसमा चढेर बेच्ने, ठेलामा व्यवसाय गर्ने, साना तथा मझौला व्यवसाय गर्नेहरु छन् । दुःख गरेर कमाएको रकम बचत होला र घर चलाउन सहज होला भनेर सहकारीमा जम्मा गरेको तर उल्टै डुबेपछि बचतकर्ताहरु आर्थिक समस्यामा फसेका छन् ।

उनीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयमा ज्ञापनपत्र बुझाउनुका साथै ती मन्त्रालय र कार्यालय घेराउ र नाराबाजी गरेका छन् ।

सहकारीका बचतकर्ताहरु यसअघि बैशाखमा पनि आन्दोलनमा उत्रिएका थिए । 'बैशाखदेखि हामी आन्दोलनमै थियौं, हाम्रो बचत फिर्ताको लागि राजनीतिक दल, सांसद र मन्त्रीहरुलाई पनि जानकारी गरायौं, तर कुनै सुनुवाइ नभएपछि फेरि आन्दोलनमा उत्रिन बाध्य भयौं,' संघर्ष समितिका संयोजक विजय नेपालले भने-'अब हामी बचत फिर्ताको सुनिश्चित नभएसम्म चरणबद्ध आन्दोलन गर्छौं ।'

संयोजक नेपालका अनुसार सुप्रिम सहकारीमा एउटै व्यक्तिको तीन करोड सम्म बचत छ ।

मुख्य राजनीतिक दल र तिनका नेताहरुले सहकारी पीडितका समस्याका विषयमा सत्तामा रहँदा एकथरि र प्रतिपक्षमा रहँदा अर्कोथरी कुरा गर्ने परिपाटीका कारण आफूहरुको बचत फिर्ता हुने वा नहुने अन्योल भएको पीडितहरुले गुनासो गर्छन् ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार सहकारीका १८ सय ३१ जनाले आफूहरुको ८६ करोड १८ लाख २३ हजार अपचलन गरेको भन्दै प्रहरीमा उजुरी दिएका थिए । अरु ठूलो संख्याका साना बचतकर्ताले उजुरी दिएका छैनन् ।

सहकारीका १९ हजार ३५ जना सदस्यको कुल बचत रकम एक अर्ब २ करोड १४ लाख २ सय ५३ रुपैयाँ देखिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी मनोहर भट्टले जानकारी दिए ।

सहकारीको रकम विभिन्न व्यक्ति र कम्पनीका नाममा पठाउने मुख्य आरोपी पूर्व अध्यक्ष जीबी राई र बुटवलस्थित मुख्य कार्यालयका व्यवस्थापक सागर केसीसहित १९ जना फरार छन् । राई समूहले सहकारीको १४ करोडभन्दा धेरै रकम गोरखा मिडिया नेटवर्कमा लगानी गरेको अभियोग पत्रमा उल्लेख छ ।

भूपेन्द्र बाबु राईको नाममा कर्जा बनाएर ३ करोड ३० लाख सो मिडियाको नामको पेस्की सेटल गरेको प्रहरीको अनुसन्धान निष्कर्ष छ । भूपेन्द्रभन्दा बाहेक थप १० लाख ९९ लाख ३६ हजारसहित कुल १४ करोड २९ लाख रकम सो मिडियामा लगानी गरेको देखिएको जिल्ला अदालतमा दायर गरेको अभियोग पत्रमा उल्लेख छ । सरकारी वकिल कार्यालयले सहकारी को रकम हिनामिना गरेको आरोपमा २८ जनाविरुद्ध मुद्दा दायर गरेको थियो ।

सो सहकारीबाट विभिन्न व्यक्ति र कम्पनीहरूको नाममा सहकारी ऐन विपरीत करोडौं रकम ऋण लगानी भएको छ । त्यो रकम नउठेपछि सहकारी डुबेको हो । बिनाधितोको ऋण लैजानेमा संस्थापक अध्यक्ष जीबी राईदेखि पूर्व गृहमन्त्री रवि लामिछाने आबद्ध भएको (पछि छाडेका) गोर्खा मिडिया नेटवर्क समेत छ । प्रहरीको प्रतिवेदनमा गृहमन्त्री रवि लामिछानेको नाममा पनि रकम ऋण लगानी भएको कागजपत्रमा देखिएको छ । प्रहरीले लामिछानेलाई भने प्रतिवादी बनाएको छैन । लामिछानेले आफूले ऋण माग नगरेको, कतै हस्ताक्षर पनि नगरेको तर्क गर्दै आइरहेका छन् ।

सहकारीका अध्यक्ष बुटवलका ओमप्रकाश गुरुङ थुनामा छन् । अन्य ६ जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश गरे अनुसार रिहा भएका छन् । पूर्वपदाधिकारी दीपेश पुन चार लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् ।

अर्का प्रतिवादी नवीन अछामी १० लाख, भैरहवा शाखा व्यवस्थापक दुर्गा चापागाईं पाण्डे १८ लाख, नीता थापामगर २ लाख, दीपक न्यौपाने ४ लाख ४५ हजार र रोशनी गुरुङ २ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् ।रकम हिनामिना भएको भन्दै बचतकर्ताले उजुरी गरेपछि प्रहरीले गत फागुन ३ गते सुप्रिम सहकारीका अध्यक्ष गुरुङ र भैरहवा शाखा व्यवस्थापक चापागाईंलाई पक्राउ गरेको थियो ।

» बाँकी २ पेजमा

## लुम्बिनीका मुख्यमन्त्रीले प्रधानमन्त्रीसँग मागे बजेट



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रधानमन्त्री केपी ओलीसँगको भेटमा प्रदेश राजधानी राप्ती उपत्यकासहित प्रदेश गौरवका आयोजनाको लागि पर्याप्त बजेट व्यवस्थापन गर्न माग गरेका छन् ।

आफ्नो मन्त्रिपरिषद्का सबै मन्त्रीलाई लिएर प्रधानमन्त्रीलाई भेट्न काठमाडौं पुगेका आचार्यले प्रधानमन्त्रीलाई भने–'प्रदेश राजधानीको पूर्वाधारको काम छिटो पूरा गर्नुछ । लुम्बिनी प्रादेशिक अस्पताललाई अत्याधुनिक ढंगले बनाउने गरी पूर्वाधार निर्माणको काम अघि बढेको छ । यसलाई पनि छिटो निर्माण गर्नुपर्नेछ । प्रदेशको महत्वपूर्ण सडक रामपुर–कपुरकोट सडक र प्रदेश विश्वविद्यालय निर्माणको काम पनि पूरा गर्नुछ, बजेट व्यवस्थापन भएमात्रै काम गरेर जनतामा आशाको सञ्चार गर्न सकिन्छ ।'

प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेट्न चार दिनदेखि कुरेका आचार्यसहित मन्त्रीहरुले आइतबार बिहान ११ बजे भेटेका थिए । उनीसहितको टोलीले प्रधानमन्त्रीलाई भेट्दा अर्थमन्त्री विष्णु पौडेल र लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री एंव एमाले महासचिव शंकर पोखरेल पनि सँगै थिए । त्यसैगरी, पूर्व मुख्यमन्त्री एंव लुम्बिनी प्रदेशसभाका कांग्रेस संसदीय दलका नेता डिल्ली चौधरी पनि पुगेका थिए ।

**प्रधानमन्त्रीले के भने ?**

सानातिना विषयमा नअल्झी नतिजामुखी काम गरेर देखाउन प्रधानमन्त्रीले निर्देशन दिएका छन् । प्रधानमन्त्री ओलीले दुई दलको संयुक्त सरकार रहेको र यो सरकारसँग जनताका धेरै अपेक्षा रहेकोले जिम्मेवार भई नतिजा निकाल्ने गरी काम गर्न आग्रह गरे ।

बिहान ११ बजे बालुवाटारमा पुगेको टोलीसँग प्रधानमन्त्री ओलीले प्रदेशका मुख्य समस्याबारे चासो राखे । त्यसपछि तत्काल र दीर्घकालमा प्रभाव पार्ने कामबारे ध्यानाकर्षण गराए ।

प्रधानमन्त्रीले भने-'एमाले कांग्रेसको संयुक्त सरकार हो, सानासाना नियुक्तिका विषय, अन्य जिम्मेवारी विभाजनका विषयमा अल्झने छुट छैन, दुई दलको साझा एजेण्डा पहिले नै तय गरेर परिणाममुखी काम देखाउनुहोला, यो केन्द्रको स्पष्ट निर्देश बुझेर काम गर्नुहोला, सरकारका विषयमा प्रश्न उठाउने विषय नल्याउनुहोला ।'

अहिलेको समीकरण र सरकार मुलुकको विशेष अवस्थाका कारण बनेको बताउँदै प्रधानमन्त्री ओलीले भने –'एमाले र कांग्रेस मिल्दा पनि देश बनाउन नसकिए कसले बनाउँछ ? भन्दै अहिले प्रश्न उठेकाले जिम्मेवार बन्न ध्यानाकर्षण गराए ।

हाल घाटा बजेटमा सरकार सञ्चालन भएकाले आफूहरूले छोडेर जाँदा यस्तो अवस्थाको अन्त्य गराउने गरी काम गर्न प्रधानमन्त्रीले आग्रह गरे ।

ओलीले पूर्वाधार विकासको क्रमसँगै उत्पादन र रोजगारी वृद्धितर्फ ध्यान केन्द्रित गर्न आग्रह गरे । उनले उपयुक्त माटोमा उन्नत जातका बाली लगाएर कृषिलाई औद्योगीकरण गर्दै त्यसको बजार विस्तार गर्न तत्काल योजना बनाउनुपर्ने बताए । प्रधानमन्त्रीको भनाई उद्धृत गर्दै भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले भने– 'अहिले समग्र अर्थतन्त्र ओरालो लागेको छ । भवन, कार्यालय आदि संरचनामा खर्च गरेर तत्काल उत्पादन वृद्धि हुन सक्दैन । हामीसँग उर्वर धर्ती, पानी र हावापानी छ । मेहनत गरेर उत्पादन र रोजगारी बढाउन सकिने धेरै आधार छन् । यस्ता काममा हाम्रा राजनीतिक दलका संगठन र कार्यकर्ता पनि लाग्नुपर्छ । तीनिहरूले जनतासँग नङ र मासुको सम्बन्ध बनाउनुपर्छ । हामीहरू नियुक्तिमा को जाने र नजाने खालको साना विषयमा अल्झनु हुँदैन । देशको विद्यमान समस्याको समाधान कसरी गर्ने भन्नेमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।'

मन्त्रीहरूसँग प्रधानमन्त्री ओलीले छिट्टै प्रदेशसभालाई सम्बोधन गर्न आउने प्रतिबद्धता जनाएका छन् ।

प्रधानमन्त्री ओलीले यसअघि बागमतीका सबै मन्त्रीहरूलाई यसैगरी भेटेका थिए । उनले प्रदेशका सबै मन्त्रीहरूको सामूहिक धारणा पनि बुझ्ने र छलफल पनि हुने भएकाले यस्तो कार्यक्रमको तय गरेको बताएको मन्त्री ढकालले जानकारी दिए ।




# सम्पादकीय

## साँढे आतंक

बुटवलमा सडकमा छाडिएको साँढेको आक्रमणबाट एक महिलाको ज्यान गएको छ । बुटवलमा बस्दै आएकी गुल्मी अर्खलेकी सीता पाण्डेको निधन भएको हो । बुटवलमा छाडा गाईवस्तुको व्यवस्थापनका लागि बुटवल उप-महानगरपालिकाले गौशाला बनाएको र त्यहाँ गाईवस्तु राख्दै आएको प्रचार भएको छ । तर छाडा चौपायाको आक्रमण बढिरहेको छ ।

छाडा गाईवस्तु व्यवस्थापन गर्न बुटवल उप-महानगरपालिकाले गौशाला बनाएको छ । गौशालामा गाईलाई लैजाने, तर साँढेलाई लैजान प्राथमिकता नदिँदा सडक असुरक्षित भएको छ । गौशाला व्यवस्थापनको स्पष्ट मापदण्ड नबनाउँदा गौशाला पुगेका गाईको व्यवस्थापन राम्ररी हुन सकिरहेको छैन । सडकमा साँढेहरुको मनमौजी चलेको छ । उनीहरुलाई गौशाला पुऱ्याउने र सडकलाई सुरक्षित बनाउन बुटवल उप-महानगरपालिका चुकेको छ ।

गौशाला गाईका लागि मात्रै हो वा प्रचारका लागि मात्रै हो ? सडकमा पैदल हिंड्दै गरेका र दुईपाङ्ग्रे साधन चलाएकाहरु जोखिममा पर्नुले बुटवल असुरक्षित शहरको पहिचान बन्ने संभावना छ । साँढेको आक्रमणबाट ज्यान जाने अवस्था आउनु उप-महानगरपालिकाको छाडा गाईवस्तु व्यवस्थापनको प्रष्ट कार्ययोजना नहुँदाले हो । निकुञ्ज आसपासको गाउँमा बाघले आक्रमण गर्दा बाघ र चितुवालगायतका वन्यजन्तुको व्यवस्थापनमा तत्काल काम अघि बढ्छ । बाघलाई बेहोस बनाएर नियन्त्रणमा लिएर व्यवस्थापन गरिन्छ वा नियन्त्रणमा लिन नसके गोली हानेर मारिन्छ । साँढेलाई बाघलाई झैं बेहोस बनाएर नियन्त्रणमा लिन सकिन्छ । बाघ र चितुवालाई झैं मार्न सांस्कृतिक र धार्मिक मान्यताले संभव नभए पनि साँढे व्यवस्थापन जटिल छँदै छैन ।

साँढेलाई सडकमा छाडेर नगरमा जति राम्रा काम गरे पनि ती ओझेलमा पर्दछन् । छाडा गाईवस्तु व्यवस्थापन स्थानीय तहको प्रमुख काम हो । पैदल यात्रुको ज्यान गएपछि संवेदनशील भएर साँढे व्यवस्थापन प्राथमिकतामा पर्नुपर्छ । बुटवलमा सञ्चालित गौशालामा छुट्टै साँढे ब्लक बनाएर उनीहरुलाई व्यवस्थापन गर्न लाग्नुपर्छ । एकजनाको ज्यान गइसकेपछि अरुको ज्यान जोगाउन उप-महानगरपालिका नेतृत्वको प्राथमिकता हुनुपर्छ ।

# संविधान संशोधनको औचित्य



प्रा.डा. शान्तिकृष्ण अधिकारी




नेपाली कांग्रेस र नेकपा एमालेबिचको वर्तमानको सहमति विशेषतः दुई विषयमा केन्द्रित रहेर निर्माण गरिएको भनिएको छ । मुलुकका दुई ठूला र पुराना राजनीतिक दलले भनेका कुरा जनताले पत्याउनु पर्ने बाध्यता हुन्छ । सहमतिको घोषणा गरेपछि आजका दिनसम्म पनि दलहरूले विश्वास पाइरहेकै छन् । भित्री सम्झौता अरू कुनै छैन भन्ने कांग्रेस र एमालेको दावालाई पनि जनताले पत्याइरहेकै छन् । बाहिर आएका कुरा भनेका राजनीतिक स्थायित्व र आवश्यक देखिएका ठाउँमा संविधानको परिवर्तन नै हुन् । सात वटा बुँदा संसदमा प्रस्तुत गरिए पनि आमनागरिकको ध्यान खिचेका विषय भने यिनै हुन् ।

यो संविधान जनताको रगत पसिना बगेरै आएको हो । नागरिकले सहादत दिएर आएको गणतान्त्रिक एवं लोकतान्त्रिक सङ्घीय संविधान नेपाली जनताले विसं २०७२ मा पाएका हुन् । संविधान जारी हुँदाका बखत यो संविधानलाई ९० प्रतिशतभन्दा बढीको समर्थन प्राप्त थियो । जसले त्यतिखेर विरोध जनाए त्यसमा पनि कुनै तुक त थिएन तर राजनीतिक फाइदा/बेफाइदा केलाएर संविधानका केही धारामा असहमति जनाइएको थियो । यसका आधारभूत मर्ममा अझैं पनि आमअसहमति भेटिँदैन, तर पनि प्रयोगमा आउँदै गर्दा संविधान जारी भएको १० वर्षमा केही विषयमा भने व्यापक असन्तुष्टि देखिएका छन् ।

नेपालमा चाहिने कुरा गर्न पनि मुस्किल हुने गरेको इतिहासले देखाउँछ । प्रायोजित मान्छेका लहलहैमा लाग्नेहरूको भिड अत्यधिक हुने गरेका कारण जनताका लागि आवश्यक कार्य सम्पन्न गर्न पनि सरकारलाई त्यति सहज नहुने गरेको परिस्थिति देखिँदै आएको छ । केही प्रलोभनमा लोभिएर देश र जनताका विरुद्धमा कसैका इशारामा नाच्ने नेता पनि नेपाली राजनीतिमा चाख राख्नेहरूका लागि अपरिचित छैनन् । जनताका हितका लागि भन्दै आफ्नै खुट्टामा आफैँले जनताले बञ्चरो हानिरहेको पनि कुनै नौलो होइन । त्यसैले कांग्रेस र एमालेले संविधान संशोधनका कुरा त उठाएका छन् तर देश र जनताका हितमा केन्द्रित भएर संशोधनका लागि तयार भए पनि जति सोचेका छन् त्यति सहज देखिँदैन ।

संविधान संशोधन गर्ने भन्नु आगोको भुङ्ग्रोमा हात हाले सरह हो । मोती समुद्रको पिँधमै हुन्छ । मोतीको चाहना गर्नेले समुद्रमा हामफाल्न डराउन हुँदैन । देश समस्यामा परेका बेला नकारात्मक सौँच भएकाहरूले सिध्याउन के-कस्ता प्रयत्न गर्लान् भनेर कम्तीमा पनि कांग्रेस र एमाले पार्टी जस्ता मुलुकको बागडोर समातेकाले हच्किन हुँदैन । यतिबेलै हो नेपाललाई कमजोर बनाउन देशी विदेशी शक्ति पनि चल्मलाउन थाल्छन्, तर यी सबै बाधा विरोधको सामना गर्दै प्रतिकूल परिस्थिति निर्माण गरिरहेका संविधानका धारा संशोधन गर्न जनपक्षीय नेता सक्रिय हुनै पर्छ । देशभित्र सकेसम्म सर्वसम्मतिको वातावरण तयार गर्दै नसके पनि अधिकाधिक समर्थन जुटाएर बाह्य शक्तिलाई परास्त गरी जनतासँग गरेका वाचा पूरा गर्नुमा नै दुवै दलका लागि हितकर छ ।

कांग्रेस र एमालेको सहमतिका बुँदा बाहिर आउँदा नआउँदै संविधान संशोधन प्रतिगामी कदम भनेर केही दलले आरोप लगाइसकेका छन् । जनहितका काममा दुई दलले अग्रसरता लिए भने हामी पछि पर्ने हो कि भन्ने डरले कतिपय राजनीतिक दल र नेता संविधान संशोधन गर्नुलाई पश्चगमनको संज्ञा दिन थालेका छन् । कांग्रेस र एमालेले संशोधन गर्ने कुरा उठाउँछ भने प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्थाको हाम्रो माग सम्बोधन हुनु पर्छ भन्न माओवादीले थालिसकेको छ । कसै कसैले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गर्नुपर्ने धारणा पनि व्यक्त गर्न थालिसकेका छन् । समग्रमा भन्नुपर्दा आवश्यकीय परिवर्तन गर्न नदिनका लागि अत्तो थाप्ने कामको सुरुवात भइसकेको छ ।

जनताबाट कतिपय धारामा रोष व्यक्त भइरहे पनि संविधान संशोधनका कुरा इ्वाट्टै उठाउन दलहरू डराइरहेको अवस्था थियो । संविधान विरोधीको बिल्ला भिराइदेलान् भन्ने त्रासले कुनै पनि दलका नेता संविधान संशोधनका कुरा उठाउन हिच्किचाइरहेका थिए । जनता भने डराएका थिएनन् र संविधानमा रहेका कतिपय व्यवस्थाले उत्पन्न असहज परिस्थितिका बारेमा चर्चा चलाइरहेका थिए । यही मेसोमा जनताका आवाजलाई पहिलोपल्ट बुलन्द गर्ने काम कांग्रेसका नेता डा. शेखर कोइरालाले गर्नुभयो र त्यसैका पृष्ठभूमिमा कांग्रेस र एमालेले सहमति कायम गरे भन्न हिच्किचाउनु पर्दैन । अब यो सन्दर्भमा दल र तिनका नेताले कस्तो मार्ग अवलम्बन गर्ने छन् त्यो भने हेर्न बाँकी नै छ ।

संविधान संशोधनका बारेमा बारम्बार कुरा उठिरहे पनि अझैं यसले मूर्त रूप पाउन सकेको छैन । अमूर्त तबरले दुवै दलले कुरा उठाइरहेका छन् तर संविधानका कुन-कुन धारा यी दुई दलले परिवर्तन गर्न आवश्यक ठानेका हुन् भन्ने अझैं जनताले थाहा पाउन सकेका छैनन् । कतै यो सन्दर्भ नारामै सीमित भएर जाने त होइन भन्ने आशङ्का पनि उब्जिन थालिसकेको छ किनकि दुवै दलले यस सम्बन्धमा कुनै गृहकार्य गर्न थालेको पनि जानकारीमा आएको छैन । हल्काफुल्का रूपमा यो धारा र त्यो धारा भन्ने विषय पनि संविधान होइन, त्यसैले पनि दलहरूले ढिलाइ गरेका हुन सक्छन् तर जनताका पक्षमा संविधानका केही धारा चलाइन्छन् भन्ने अनुभूति दिलाउन पनि त्यति धेरै ढिलाइ गर्न नहुने देखिन्छ । पक्कै पनि दलहरू संवेदनशील छन्, होलान् भन्नेमा केही समय आश्वस्त हुनुपर्ने पनि छ ।

नेताहरूमध्येमा संविधान संशोधनको एजेन्डा पहिलोपल्ट उठाउने शेखर कोइरालाले पनि संविधानका कुन धारामा कस्तो परिवर्तन गर्ने भन्ने स्पष्ट धाराणा राखेको पाइँदैन । जिल्ला जिल्ला घुमेर जनताका असन्तुष्टि सङ्कलन गरी धारणा निर्माण गरेका डा. कोइरालाले अब आमनागरिकका धारणा अनुरूप के कस्ता वाक्य र वाक्यांश संविधानमा राख्ने भनी उहाँकै पार्टी कांग्रेसलाई सुझाव दिन जरुरी भइसकेको छ । साथै आफ्ना तर्फका सुझावलाई एमाले पार्टीलाई दिँदा पनि राम्रै हुन्छ । यसको सुरुवात कसैले न कसैले गर्नै पर्ने भएकाले डा. कोइरालाले नै गर्न उपयुक्त हुन्छ । साथै संविधान संशोधनमा सहमत दलले पनि नागरिकका आवाज सुन्न आरम्भ गर्नु पर्छ ।

जनताका व्यापक असन्तुष्टि भनेको समानुपातिक प्रतिनिधित्व, प्रदेश सरकारको अस्थिरता र बेथिति, आरक्षणका नाममा हुने गरेको अन्याय, सङ्घ र प्रदेशमा तोकिएको सांसद संख्या, धर्म परिवर्तनको लहर आदि हो । अरू पनि विषय र सन्दर्भ हुन सक्छन्, जुन नागरिकसँगको व्यापक अन्तर्क्रियाबाट जानकारीमा आउँछ । साथै राष्ट्रिय सभामा पठाइने प्रतिनिधिका सन्दर्भमा दलहरूले लिएको नीतिमा पनि व्यापक टिप्पणी हुने गरेको यथार्थ नेताहरूको जानकारीमा पक्कै छ । जनतामा उत्पन्न निराशालाई आशामा बदल्ने भनी कांग्रेस र एमालेले सहमति गरेका हुँदा यस्ता विषयदेखि ससाना विषय सम्ममा ध्यान दिन जरुरी छ ।

सुन्दा समानुपातिक प्रतिनिधित्व राज्यका हरेक निकायमा हुनु अत्यन्त राम्रो हो तर यसको कार्यान्वयन र संविधानमा रहेका व्यवस्थाले कस्तो परिणाम दिएको छ भन्ने विचारणीय छ । प्रतिस्पर्धामा आउन नसकेकाहरूलाई आरक्षणको व्यवस्था गरेर माथि उठाउने प्रयत्नलाई पनि कसैले बेठिक भन्न सक्दैन । दुवै व्यवस्थाले नेपालका हरेक क्षेत्रलाई रङ्गीचङ्गी बनाएको छ । वास्तविकतालाई टाढा राखेर हेर्दा सुन्दर भन्नुपर्ने अवस्था छ । वास्तविकता केलाउँदा भने दुवै व्यवस्थाले संविधानको लक्ष्य र मर्मबमोजिम कार्य नगरेको प्रस्टै देखिन्छ । विगतमा जसका हातमा सत्ता र शक्तिको साँचो थियो, अहिले पनि यी दुवै सुविधा तिनैले उपभोग गरेको पाइन्छ । यसैलाई मनन गर्दै सर्वोच्च अदालतले समेत तरमारा वर्गले यी सुविधा पाउने अवस्थाको अन्त्यका लागि आवश्यक व्यवस्था गर्न आदेश दिइसकेको छ ।

गिरिजाप्रसाद, केपी ओलीहरू प्रधानमन्त्री भए भनेर सारा ब्राह्मणलाई वर्षौंदेखि सुखभोग गर्दै आएको सामन्तको बिल्ला भिराइएको छ । सूर्यबहादुर, शेरबहादुरहरू सत्तामा पुगेका कारण सबै क्षेत्रीलाई राज्यको शोषकका रूपमा परिभाषित गर्ने प्रयत्न गरिएको छ । नेपालका कर्णालीमा कति बाहुन क्षेत्री छन् र तीमध्ये कतिको हालत कस्तो छ भन्ने विश्लेषण भने गरिएको छैन । फलतः राजधानी वा राजधानी जत्तिकै सुख सुविधा प्राप्त सहरहरूमा बसोबास गर्ने र महँगा विद्यालयमा पढेका कतिपय जातिले आरक्षणको सुविधा भोगिरहेका छन् भने टाउकोमा घेरा फाटेको टोपी, १० ठाउँमा टालेको भोटो र घुँडा नछोप्ने कछाड लाएको एउटा वर्ग भने पीडकको बिल्ला भिरेर बाँच्न बाध्य छ ।

सही तबरले प्रदान गरिएको आरक्षणको परिणाम राम्रै हुन्छ तर आरक्षणले नै भेदभाव उत्पन्न गऱ्यो भने त्यसको परिणाम हेर्न धेरै टाढा जानु पर्दैन । भारतमा भएको पटेलहरूको आन्दोलन र भर्खरै घटेका बङ्गलादेशको घटना आरक्षणका परिणाम हुन् भनेर कसैलाई बुझाउनु पर्ला जस्तो लाग्दैन । एउटा आन्दोलन आरक्षणको माग गर्दै भएको थियो भने अर्को आन्दोलन आरक्षणका विपक्षमा भएको थियो । राजनीतिक नेतृत्व भनेको त्यस्तो हुनु पर्छ कि दुवै खाले शक्ति नभड्किने गरी समाधान निकाल्नु पर्छ र त्यस्तो सुखद सन्देश दिन कांग्रेस र एमाले जस्ता परिपक्व पार्टीका नेताले सक्नै पर्छ ।

सङ्घीय संसदमा २७५ सांसद बढी भएको सबैले अनुभव गरेका छन् । प्रदेशमा ५५० सांसद पनि जनतालाई पाच्य भएको छैन । सङ्घमा त २५ जना मन्त्रीको संख्यालाई जेनतेन पचाइरहेका छन् तर प्रदेशमा सत्ता जोगाउन अनावश्यक मन्त्रालय खोली अनगन्ती मन्त्री बनाइँदा अपच भइरहेको छ । कांग्रेस र एमालेको सहमतिपछि पनि मधेश प्रदेशमा २० सदस्यीय मन्त्रीमण्डल गठन हुँदा यी दुई दलले प्राप्त गरेको विश्वासमा खिया लाग्न थालेको छ । यस्ता अनावश्यक संख्या घटाउन र प्रदेशलाई व्यवस्थित गर्न आवश्यक संशोधन गर्नै पर्छ । सांसदको भूमिका विकास निर्माणको होइन । विकास निर्माणका लागि पालिका तहमै अधिकार दिइएको छ र बढाउन पनि सकिन्छ । सांसदले आफ्नो क्षेत्र मात्रै हेरेर विधि, प्रक्रिया र कानुन निर्माण गर्ने पनि होइन । त्यसैले भूगोल र जनसंख्या दुवैलाई हेरेर संघमा १२५ सांसद निर्धारण गर्न सकिन्छ । प्रदेशका सांसद र मन्त्रीका बारेमा त व्यापक परिवर्तनकै आवश्यकता छ । हेरौँ, संविधान संशोधनको प्रक्रिया कतातिर केन्द्रित हुने छ ? गोपबाट

# नेप्से ९४.४६ अंकले बढेसँगै नयाँ रेकर्ड

काठमाडौं । साताको पहिलो दिन आइतबार नेप्से परिसूचक ९४.४६ अंकले बढेर सेयर बजारमा कारोबार रकममा नयाँ रेकर्ड बनेको छ । यस दिन कुल २५ अर्ब ७७ करोड रुपैयाँ बराबरको कारोबार भएको छ । यसअघि २२ साउनमा बनेको २३ अर्ब ७१ करोडको रेकर्ड ५ दिनमै तोडिएको हो ।

कारोबार मात्रै नभई बजारको परिसूचक नेप्सेले २८०० अंक नाघेको छ । लगानीकर्ताले २८ सय अंकलाई प्रतिरोधकका रुपमा बुझ्दै आएका थिए । अघिल्लो दिनको तुलनामा नेप्से परिसूचक ९४.४६ अंक बढेर २८६० अंकमा कायम भएको छ ।

२२५ कम्पनीको मूल्य बढ्दा १५ को घट्यो भने २ को स्थिर रहेको छ । सबै क्षेत्रगत सूचक बढेका छन् ।

नेसनल हाइड्रोपावर, नेरुडे मिर्मिरे लघुवित्त, एचआईडीसीएल, खानीखोला हाइड्रोपावर, आँखुखोला जलविद्युत्, माथिल्लो तामाकोशी, शुभम् पावर, आत्मनिर्भर लघुवित्त, मिडसोलु हाइड्रोपावर, युनाइटेड इदी मर्दी, सिंगटी हाइड्रोपावर, रिडी पावर, अरुणभ्याली हाइड्रोपावर, एनआईसी एसिया लघुवित्त, हिमाल दोलखा हाइड्रोपावर, अरुण काबेली पावर तथा शिवश्री हाइड्रोपावरको मूल्य १० प्रतिशत बढ्यो । निफ्रा, थ्रीस्टार हाइड्रोपावरको मूल्य ९.८ प्रतिशत बढ्यो ।

**१८ सय....**

इलाका प्रहरी कार्यालय बुटवलले करिब दुई महिना लामो अनुसन्धानपछि गत बैशाख ३ गते जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो । सहकारीका अध्यक्ष बुटवलका ओमप्रकाश गुरुङ थुनामा छन् । अन्य ६ जनालाई जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश गरे अनुसार रिहा भएका छन् । पूर्वपदाधिकारी दीपेश पुन चार लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् । अर्का प्रतिवादी नवीन अछामी १० लाख, भैरहवा शाखा व्यवस्थापक दुर्गा चापागाईं पाण्डे १८ लाख, नीता थापामगर २ लाख, दीपक न्यौपाने ४ लाख ४५ हजार र रोशनी गुरुङ २ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन् ।

रकम हिनामिना भएको भन्दै बचतकर्ताले उजुरी गरेपछि प्रहरीले गत फागुन ३ गते सुप्रिम सहकारीका अध्यक्ष गुरुङ र भैरहवा शाखा व्यवस्थापक चापागाईंलाई पक्राउ गरेको थियो ।

इलाका प्रहरी कार्यालय बुटवलले करिब दुई महिना लामो अनुसन्धानपछि गत बैशाख ३ गते जिल्ला सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको थियो ।

**'वित्तीय साक्षरताको अभाव'**

वचत रकम डुब्नेमा सार्वजनिक शौचालय सफा गर्ने, हातमा फलफूल लिएर बसमा चढेर बेच्ने, ठेलामा व्यवसाय गर्ने, साना तथा मझौला व्यवसाय गर्नेहरु धेरै छन् । दैनिक श्रम नगरी घरको गुजारा नटर्ने भएकाले काम छोडेर आफू ठगिएको विषयमा प्रहरीमा उजुरी समेत दिन गएका छैनन् । १९ हजार बढी बचतकर्तामा १८ सय ३१ जनाको मात्र उजुरी परेकोले सहकारीका बहुसंख्यक साना बचतकर्तालाई वित्तीय साक्षरताको अभाव खड्केको देखिन्छ ।

# सधैँ एक्टिभ रहन चाहनुहुन्छ ? खानुस् बिहानै यी घरेलु एनर्जी ड्रिङ्क्स

नेपालीहरू चिया र कफीका सौखिन धेरै छन् । अधिकांशले हरेक दिनको सुरुवात चिया वा कफीको साथमा गर्छन् । तर खाली पेटमा क्याफिनको सेवनले पेटसम्बन्धी समस्या निम्त्याउन सक्छ ।

यसले व्यक्तिको ऊर्जामा पनि असर पर्न सक्छ । यस्तो अवस्थामा बिहान उठ्ने बित्तिकै के खाने त ? स्वस्थ रहन दिनको सुरुवात केबाट गर्ने त ? यो प्रश्न धेरैको मनमा आउन सक्छ ।

दिनभर सक्रिय रहन स्वस्थ घरेलु पेय पदार्थ सेवन गर्नुपर्छ भनेर विज्ञहरू भन्छन् । पौष्टिक तत्त्वहरूले भरिपूर्ण यी पेयहरूले वर्षाको समयमा हामीलाई ताजा र हाइड्रेटेड राख्न मद्दत गर्छ । यसले दिनभर सक्रिय रहन पनि सघाउँछ । तपाई पनि दिनभर ऊर्जावान् रहन चाहनु हुन्छ भने घरमै बनाएर यी एनर्जी ड्रिङ्क्स पिउन सक्नु हुन्छ ।



**अमलाको जुसः**

स्वादमा अमिलो हुने अमलाको जुस हरेक मौसममा रोग प्रतिरोधात्मक क्षमता बढाउन उत्कृष्ट विकल्प हो । अमलामा प्रशस्त मात्रामा भिटामिन सी पाइन्छ । यसले छाला र कपाललाई धेरै फाइदा पुऱ्याउँछ । मन पर्छ भने अमलाको जुसमा काँक्रो, ज्वानु र अदुवा मिसाएर पनि पिउन सकिन्छ ।

**गाजरको जुसः**

आफूलाई दिनभर सक्रिय राख्न गाजरको जुस अर्को राम्रो विकल्प हो । यसबाट पोटासियम र भिटामिन सी त पाइन्छ नै प्रोभिटामिन ए पनि प्रशस्त मात्रामा पाइन्छ । गाजरको जुस पिउनाले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ भने यसले आँखा र छालाको स्वास्थ्यमा पनि निकै फाइदा पुऱ्याउँछ ।

**स्याउको जुस**

सक्रिय रहन स्याउको जुस अर्को राम्रो विकल्प हो । स्याउ र यसको जुसमा भिटामिन फाइबर र एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ । स्याउमा पाइने फाइबरले पेटको स्वास्थ्यमा सुधार गर्छ ।

**सुन्तलाको जुस**

विज्ञहरूका अनुसार भिटामिन सीले भरपुर सुन्तलाको जुसमा रोग प्रतिरोधात्मक क्षमता बढाउने क्षमता हुन्छ । वास्तवमा यो जुस प्राकृतिक एनर्जी बूस्टरको रूपमा काम गर्दछ । यसको सेवनले तपाईं कयौँ घण्टासम्म तरोताजा महसुस गर्न सक्नु । यसलाई घरमा सजिलै तयार पारेर पिउन सकिन्छ ।

**कागती पानी**

गर्मी मात्रै होइन वर्षायाममा पनि कागती पानी पिउन सकिन्छ । कागतीमा पाइने भिटामिन सीले रोग प्रतिरोधात्मक क्षमता बढाउँछ । मन पर्छ भने यो जुसमा पुदिनाको पात र थोरै मह मिसाएर पनि खान सकिन्छ ।

**एजेन्सी**

# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लि.

## Unnati Sanakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था
दर्ता नं. : ११८१५९/२०७०/०७१

Central Office : Si.Na.Pa. –12, Rupandehi, Nepal Phone No. 071-571126, 571127

## Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 31 Asar 2081

*Nrs.*

| Particulars | The Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash & cash equivalents | 162,459,615.10 | 160,500,743.81 |
| Statutory balances and due from Nepal Rastra Bank | 81,090,000.00 | 66,090,000.00 |
| Placement with Bank & Financial Institutions | - | - |
| Derivative Financial Institutions | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Cooperatives | - | - |
| Loan & Advances to Customers | 3,583,561,506.69 | 3,306,045,154.60 |
| Investment Securities | 1,000,000.00 | 58,955,336.34 |
| Current Tax Assets | 11,076,912.94 | 10,339,498.95 |
| Investment Property | - | - |
| Property and Equipment | 52,397,197.90 | 52,011,076.02 |
| Goodwill and Intangible Assets | - | - |
| Deferred Tax Assets | - | 8,917,524.14 |
| Other Assets | 120,216,695.99 | 6,237,774.84 |
| **Total Assets** | **4,011,801,928.62** | **3,669,097,108.69** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 1,096,507,958.69 | 1,124,385,626.75 |
| Borrowings | 2,387,332,130.01 | 2,144,258,661.65 |
| Current Tax Liabilities | 6,229,657.66 | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | | - |
| Other Liabilities | 185,520,169.49 | 91,671,842.00 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,675,589,915.85** | **3,360,316,130.40** |
| **Equity** | | |
| Share Capital | 246,865,736.29 | 229,020,618.29 |
| Share Premium | - | - |
| Retained Earnings | (641,630.45) | (7,029,656.00) |
| Reserves | 89,987,906.93 | 86,790,016.00 |
| **Total Equity** | **336,212,012.77** | **308,780,978.29** |
| **Total Liabilities and Equity** | **4,011,801,928.62** | **3,669,097,108.69** |

### Condensed Statement of Profit and Loss

**For the Quarter Ended of 31 Asar 2081**

*Nrs.*

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Interest Income | 130,004,526.07 | 509,534,706.29 | 162,857,720.17 | 529,412,276.20 |
| Interest Expense | 83,024,522.99 | 335,097,642.46 | 3,021,032.17 | 369,575,588.20 |
| **Net Interest Income** | **46,980,003.08** | **174,437,063.83** | **159,836,687.99** | **159,836,687.99** |
| Fee and Commission Income | 16,338,203.10 | 52,672,206.60 | 34,623,709.91 | 36,681,693.05 |
| Fee and Commission Expense | - | - | | - |
| **Net Fee and Commission Income** | **16,338,203.10** | **52,672,206.60** | **34,623,709.91** | **36,681,693.05** |
| Net Interest, Fee and Commisson Income | 63,318,206.18 | 227,109,270.43 | 27,217,210.30 | 196,518,381.04 |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | (39,660,513.14) | - |
| **Total Operating Income** | **63,318,206.18** | **227,109,270.43** | **(12,443,302.84)** | **196,518,381.04** |
| Impairment Charge/(Reversal) for Loans and Other Losses | (17,650,077.68) | (11,252,006.32) | (12,626,835.49) | (11,633,092.46) |
| **Net Operating Income** | **80,968,283.86** | **238,361,276.75** | **183,532.65** | **208,151,473.50** |
| **Operating Expenses** | **74,280,012.41** | **217,595,751.21** | **81,548,770.38** | **235,324,611.76** |
| Personnel Expenses | 47,219,274.36 | 149,670,220.89 | 49,750,617.88 | 163,651,604.51 |
| Other Operating Expenses | 27,060,738.05 | 67,925,530.32 | 13,413,803.26 | 53,288,658 |
| Depreciation & Amortisation | - | - | 18,384,349.24 | 18,384,349.24 |
| **Operating Profit** | **6,688,271.45** | **20,765,525.54** | **(81,365,237.73)** | **(27,173,138)** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expenses | | | | - |
| **Profit before Income Tax** | **6,688,271.45** | **20,765,525.54** | **(81,365,237.73)** | **(27,173,138.25)** |
| Income Tax Expenses | - | - | - | |
| Current Tax | 2,006,481.43 | 6,229,657.66 | (16,257,629.84) | - |
| Deferred Tax | - | - | (6,996,639.92) | (6,996,640) |
| **Profit for the Period** | **4,681,790.01** | **14,535,867.88** | **(58,110,967.96)** | **(20,176,498)** |
| **Condensed Statement of Comprehensive Income** | - | - | - | - |
| Profit for the Period | 4,681,790.01 | 14,535,867.88 | (58,110,967.96) | (20,176,498) |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **4,681,790.01** | **14,535,867.88** | **(58,110,967.96)** | **(20,176,498)** |
| Basic Earning per share (Annualized) | | 5.89 | | (8.81) |
| Diluted Earning per share (Annualized) | - | 5.89 | - | (8.81) |
| **Profit for the Period** | **4,681,790.01** | **14,535,867.88** | **(58,110,967.96)** | **(20,176,498)** |
| **Total** | **4,681,790.01** | **14,535,867.88** | **(58,110,967.96)** | **(20,176,498)** |

### Ratios as Per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter | This Quarter | Upto This Quarter |
| Capital Fund to RWA | | 8.38% | | 8.21% |
| Non-Performing Loan (NPL) to Total Loan | | 3.03% | | 4.04% |
| Total Loan Loss Provision to Total NPL | | 49.84% | | 48.71% |
| Cost of Funds | | 9.14% | | 10.92% |
| Credit to Deposit and Borrowing Ratio | | 260.12% | | 235.48% |
| Base Rate | | 16.98% | | 15.66% |
| Interest Rate Spread | | 5.40% | | 4.83% |

**Interest rate**

| | |
|---|---|
| Deposit | 7.5%-8.5% |
| Loan & Advance | 8%-15% |

### Details about the Distributable Profit for the Quarter

| Particulars | NRS. |
|---|---|
| Net Profit for the period end 4th Quarter | 14,535,867.88 |
| 1. Appropriations | |
| 1.1 Profit required to be appropriated to: | 3,197,890.93 |
| a. General Reserve | 2,907,173.58 |
| b. Capital Redemption Reserve | - |
| c. Foreign Exchange Fluctuation Fund | - |
| d. Corporate Social Responsibility | 145,358.68 |
| e. Employee Training Fund | - |
| f. Client Protection Fund | 145,358.68 |
| g. Staff Welfare Fund | - |
| h. Other | - |
| 1.2 Profit required to be transferred to Regulatory Reserve: | - |
| a. Transfer to Regulatory Reserve | - |
| b. Transfer from Regulatory Reserve | - |
| 2. Profit not eligible for distribution | 11,979,607.40 |
| **Net Profit for the Quarter end available for distribution** | **(641,630.45)** |

**Notes**

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3. Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.
4. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison
5. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
6. Adjustment related to NFRS has been transferred to the Regulatory Reserve.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनूसुची १४**

**( नियम २६ को उपनियम(१) संग सम्बन्धित )**

## आ.व. २०८०/८१ को चौथो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

(क) वित्तीय संस्थाको आ.व.२०८०/८१ को चौथो त्रैमासिक अबधिको वासलात र नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट : www.unnatislbs.com मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ५.८९ | २९७.२१ | १३६.१९ | १६२५.०९ | ६.९९ |

**२. व्यवस्थापकीय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण : आ.व.२०८०/८१ को चौथों त्रैमासिक अवधिमा विभिन्न बाह्य कारणले वित्तीय कारोवार प्रभावित भई व्यवस्थापनको प्रक्षेपण बमोजिम नतिजा हासिल गर्न असमर्थ रह्यो। कर्जा लगानी बचत परिचालन आंकलन गरिएको भन्दा न्यून रहेको, बैक तथा वित्तीय संस्थाहरुसंग लिएको कर्जाको ब्याजदरमा आंकलन गरे बमोजिम नभएको कारण आम्दानीमा प्रत्यक्ष प्रभाव परेको छ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण : राष्ट्रिय स्तर कार्य क्षेत्र भएको यस वित्तीय संस्थाले हालसम्म २८ जिल्लामा ८२ बटा शाखाहरु मार्फत आफ्नो कारोवार संचालन गरिरहेको छ। वित्तीय संस्थाले कृषि, पशुपालन तथा लघुउद्यम, साना ब्यवसाय संचालनका लागि विशेष गरी महिलालाई केन्द्रीत गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ। समय सापेक्ष ग्राहकको चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ। अगामी अबधिको व्यवसायिक योजनामा म्याद नाघेको तथा निष्कृय कर्जा असुलीको लागि रणनीति योजनाका साथ अगाडि बढने, व्यवसाय विस्तारको लागि बचत संकलनलाई विशेष प्राथमिकतामा राख्नुको साथै कर्मचारीको उत्पादकत्व वृद्धि गरी ग्राहक मैत्री सेवा प्रवाहका लागि जोड दिईनेछ।

(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :यस अवधिमा समान्य रुपमा कर्जा विस्तार भएता पनि संचालन मुनाफा आशातित नतिजा प्राप्त भएको छैन। वित्तीय श्रोतको परनिर्भरता,लघुवित्त क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा,वित्तीय बजारमा रहेको तरलताको अभावको कारणले आर्थिक गतिविधिहरु पूर्ण रुपले संचालन नभईसकेको अवस्थामा संस्थाको नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने देखिन्छ। तथापी विगतको अनुभवको आधारमा विधमान जोखिम न्यून गर्न सकिने तथा संस्थाले तय गरेका कार्य नीतिहरुले लक्ष्य प्राप्त हुनेमा व्यवस्थापन आशावादी रहेको छ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण :**

क)त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र वित्तीय संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए सोको कुनै सूचना प्राप्त भएको छैन।

(ख)वित्तीय संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कुनै जानकारी प्राप्त भएको छैन।

(ग)कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क)दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचिकृत गराएको छ।

(ख)नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार गत त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोवार विवरण निम्नअनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार कुलदिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| २३६३.३० | १६४७.१० | १७५० | ६१ | ५१८४६८ कित्ता |

**५. समस्या तथा चुनौती :**

वित्तीय बजारमा तरलताको संकट, ग्राहकवर्गमा वित्तीय अनुशासनको कमी भएको तथा अनुशासित ग्राहक पनि बैंक तथा वित्तीय संस्था विरोधि समुहमा आवद्ध रहि भ्रमित भएका कारण असुलीमा चुनौति ऋणीहरुको कर्जामा दोहोरोपना/बहुपना विगतमा सदस्यहरुको क्षमताभन्दा बढी कर्जा प्रवाह भएकोले असुलीमा चुनौतित्यस्तै लघुवित्त संस्थाहरु विचमा अस्वस्थ प्रतिस्पर्धा,दक्ष जनशक्तिलाई संस्थामा जोगाई राख्न नसक्नु, बढ्दो संचालन लागत सदस्यहरुको समुह दायित्वप्रतिको उदासीनता, कार्यस्थलमा कर्मचारीको सुरक्षाको अभाव, नियमक निकायबाट नीतिनियमहरुमा हुने परिवर्तन र उत्पादित वस्तुको बजारको अभाव जस्ता चुनौतिहरु समाना गर्नु परेको छ।

**६ संस्थागत सुशासन :**

(क) नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरुको पालना गर्नुको साथै प्रचलित ऐनहरु : कम्पनीऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ आदि पालना गरिएको छ।

(ख) संस्थागत सुशासन परिपालनाको लागि वित्तीय संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा सुविधा विनियमावली, आर्थिक प्रशासन विनियमावली, सूचना तथा प्रविधि प्रणाली निर्देशिका, जोखिम व्यवस्थापन नीति, कर्जा नीति, आन्तरिक लेखापरीक्षण नीति, ग्राहक पहिचान कार्यविधि, लगानी नीति नगद कारोवार व्यवस्थान निर्देशिका सम्पति दायित्व व्यवस्थापन निर्देशिका, कर्मचारी पारिश्रमिक निर्धारण नीति, कर्मचारी दक्षता अधिवृद्धि सम्बन्धी कार्यविधि, सञ्चालक निर्वाचन निर्देशिका, सञ्चालक शिक्षा कार्यक्रम कार्यविधि, समूह सञ्चालन निर्देशिका, ग्राहक संरक्षणकोष सञ्चालन कार्यविधि, कर्मचारी मोटरसाइकल कर्जा निर्देशिका, कर्मचारी सामाजिक कर्जा कार्यविधि, संस्थागत समाजिक उत्तरदायित्व कोष सञ्चालन कार्यविधि आदि नीति नियम तथा निर्देशिका बनाई पालना गरिएको छ।

(ग) वित्तीय संस्थाले आफ्नो कारोवारलाई चुस्त, दुरुस्त छिटो छरितो एबं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तहमा लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति , कर्मचारी सेवा सुविधा र सम्पत्ति शुद्धिकरण अनुगमन समिति गठन गरेको छ।

**७.सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना र जानकारीहरु लुकाइएको छैन।

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८१।०३।२० गते रामग्राम वडा नं. १६ घरदेखि परासी जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम:** धनिराम हरिजन
**ठेगाना:** रामग्राम न.पा.१६, हकुइ, नवलपरासी
**बिमालेख न. :** २५११००४७३
**मोबाइल न. :** ९८४७७९४२०

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमालेख मिति २०८१।०३।२१ गते रामग्राम वडा नं. १७ घरदेखि परासी आउने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नाम:** अनरुद्र अहिर
**ठेगाना:** रामग्राम – १७, नवलपरासी
**बिमालेख न. :** १५००३८५५७
**मोबाइल न. :** ९८२१४७२२७७


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्क:

**तिनाउ सेनेटरी**
बुटवल–१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297


## KAWASOTI MUNICIPALITY

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**GANDAKI PROVINCE, NEPAL**

# Invitation for Bids

Date of Publication: 2081/04/28

Kawasoti Municipality, Nawalparasi (East) invites electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S.N. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | Contract ID: 01/KM/NCB/ 2081/82 | Road Upgrading work at two location of Kawasoti-4 | 71,44,617.01 | 2081/05/26, BS) Upto 12 Hr | 120 days | 2,10,000 | 3000.00 |

Eligible bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**

दैनिक लुम्बिनी

# नवलपरासीमा अटोरिक्सा अनुगमन



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा अटोरिक्सा तथा सार्वजनिक, भाडाका सवारीसानधको अनुगमन गरिएको छ। जिल्लामा अटोरिक्सा तथा सार्वजनिक, भाडाका सवारी साधनको जनगुनासो आएपछि यसमा पनि विशेष तीन पाङ्ग्रे अटो रेक्साको समस्या देखिएको भन्दै यातायात व्यवस्था सेवा कार्यालय नवलपरासीले अनुगमन गएको हो।

अनुगमनको क्रममा अधिकांश अटोरिक्सा सवारी धनिले सवारी अनुमतिपत्र नलिएको पाइएको यातायाता व्यवस्था सेवा कार्यालय परासीका प्रमुख मुक्तिप्रसाद पाण्डेयले बताए।

अटोरिक्सा सवारी धनीले आवश्यक कागजपत्र दुरुस्त नराखेको पाइएको, सवारीको नवीकरण नगरी सवारी सञ्चालन गरिहेको पाइएको पाण्डेयले जानकारी दिए। अटोरिक्सा सवारीधनीले तेश्रो पक्ष बिमा नगरेको पाइएको र सवारी जाँचपास नलिई सञ्चालन गरेको पाइएको कार्यालय प्रमुख पाण्डेयले बताए। अनुमतिपत्र नलिएको सावरीसाधन नवीकारण नगरेको र तेश्रो पक्ष बिमा नगराएका सवारीधनीलाई यी सबै कागजपत्र तुरुन्त नवीकरण गरी समयमा कर बुझाइ, जाँच पास लिई मात्र अटोरिक्सा सञ्चालन गर्न निर्देशन दिइएको कार्यालय प्रमुख पाण्डेयले जनाए। पाल्हीनन्दन गाउँपालिका, बर्दघाट नगरपालिका र सुनवल नगरपालिका अटोरिक्सा, सार्वजनिक सवारी र भाडाका सवारी चालकहरुलाई प्रशिक्षण पनि दिएको पाण्डेयले बताए।

उनले यातायात व्यवस्था सेवा कार्यालय परासीले अब अनुगमनलाई निरन्तारता दिने, महिनामा एक पटक अनुगमन नभई तीन महिनामा एक पटक सवारीसधानलाई अनुगमन गर्ने बताए। अनुगमन गरेको गरेपछि फेरि अनुगमन जाँदा समस्या उस्तै रहेको छ भने सवारी चालक र सर्वपक्षिय भेला गरेर समस्याको साधान गर्ने उनले बताए।

विशेष गरी अहिले देखिएको समस्या सरावल गाउँपालिका र पाल्हीनन्दन गाउँपालिकाको अटोरिक्सा सञ्चालन विवाद समस्या देखिएको यसको समस्या समाधान गर्न परमिट लागू गरेर जान सकेमात्र सामाधान गर्न सकिने उनले बताए। कानूनमा तीन पाङ्ग्रे सवारी साधनको लागि तोक्ने परमिट स्थानीय सरकारलाई अधिकार दिएकोले पालिकाहरुले नीति बनाइ परमिट लागू गरे अटोरिक्सा समस्या सामाधान हुने पाण्डेयको भनाइ छ। आटोरिक्सा तथा सर्वजनिक सवारी, भाडाका सवारीसाधनको अनुगमन जिल्लाको बर्दघाट नगरपालिका, सुनवल नगरपालिका र पाल्हीनन्दन गाउँपालिकामा गरिएको थियो। अनुगमनमा यातायात व्यवस्था सेवा कार्यालय नवलपरासीका प्रमुख मुक्तिप्रासद पाण्डेय, घरेलु तथा साना उद्योग कार्यालयका उद्योग अधिकृत पुरुषोत्तम पौडेल, जिल्ला प्रशासन कार्यालय नवलपरासीका दयराम चौधरी, जिल्ला प्रहरी कार्यालय नवलपरासीका सई महेश कुँवर जिल्ला ट्राफिक कार्यालयका प्रतिनिधि, उपभोक्ताहित संरक्षण मञ्चका जिल्ला सचिव मोहन पौडेल र सञ्चरकर्मीहरुको सहभागिता रहेको थियो।

# बडीगाड पहिरोः ५० परिवार विस्थापित



ढोरपाटन (बागलुङ)। बाढी पहिरोका कारण बडीगाडमा ५० परिवार विस्थापित भएका छन्। बडीगाड गाउँपालिका-९ को नयाँबस्ती र वडा नं १० आरुपाता, पात्ले, क्लावझिङ, खोर, सल्लेनधारालगायत बस्तीका ५० परिवार विस्थापित भएका हुन्।

हलैका पहिरोमा परी ११ जनाको मृत्यु भएको छ भने एक जनाको अवस्था अझैं अज्ञात छ। विस्थापित परिवारको अहिले बिचल्ली भएको छ। पहिरोका कारण खानेपानी, विद्युत् आपूर्ति हुनसकेको छैन। बालबालिका र वृद्धवृद्धालाई बढी समस्या परेको छ।

स्थानीय भीमबहादुर बुढाले गाउँका धेरै घर पहिरोको जोखिममा रहेको हुँदा बस्ती छाडेर अन्तै जानुपरेको दुखेसो पोखे। आफ्नो घर वरपरका बस्ती पहिरोको जोखिममा रहेका उनले बताए।

विस्थापित परिवारलाई विद्यालय तथा सार्वजनिकस्थलमा व्यवस्थापन गरिरहेको बडीगाड गाउँपालिकाका उपाध्यक्ष भीमसेन वनले जानकारी दिए। गाउँपालिकाले प्रारम्भिक चरणको राहत वितरण गरिरहेको उनले बताए।

पालिकाले खाद्यान्न र त्रिपाल, बत्तीलगायत अतिआवश्यक सामग्री उपलब्ध गराएको भन्दै दीर्घकालीन व्यवस्थापनका लागि माथिल्लो तहको सरकारसँग छलफल गरिरहेको उनले जानकारी दिए।

# देवपाटा स्मृति पत्रकारिता पुरस्कार गाहालाई



बुटवल। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) को २५औं स्थापना दिवसको अवसरमा देवपाटा स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकार मिलन गाहा सम्मानित भएका छन्। फोनिज रुपन्देहीले हरेक वर्ष पाटा मगरको स्मृतिका पुरस्कार प्रदान गर्दै आएको छ।

स्थापना दिवसको अवसरमा आइतबार बुटवलमा आयोजित समारोहबिच गाहालाई ११ हजार १११ रुपैयाँ नगद राशीसहित सम्मान गरिएको थियो। बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेले बुटवललाई मिडिया सिटीको रुपमा विकास गर्ने गरी अगाडि बढेको बताए। उनले भाषा, संस्कार, संस्कृतिको संरक्षणमा राज्यले लगानी गर्नु पर्ने बताउँदै बुटवल उप-महानगरले बुटवल क्षेत्रमा रहेका जातीय, भाषिक र सांस्कृतिक संरक्षणको लागि काम गरेको दाबी गरे।

लुम्बिनी प्रदेश सञ्चार समन्वय परिषद्का अध्यक्ष समेत रहेका गाहा फोनिजको केन्द्रीय सचिव तथा लुम्बिनीका इञ्चार्ज हुन्। स्वर्गीय पाटा मगर फोनिज रुपन्देहीका संस्थापक अध्यक्ष हुन्।

कार्यक्रममा बोल्दै फोनिजका केन्द्रीय उपाध्यक्ष सरु राना, नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखरेल, प्रेस चौतारी रुपन्देहीका अध्यक्ष लक्ष्मण पौडेल, प्रेस यूनियन रुपन्देहीका सभापति कविन्द्र नेपाल, प्रेस सेन्टर रुपन्देही अध्यक्ष विष्णु पोखरेललगायतले समावेशीताका लागि सञ्चारकर्मीले कलम चलाउनु पर्नेमा जोड दिए।

कार्यक्रममा फोनिज स्मारिकाको समेत विमोचन गरिएको छ। सो अवसरमा फोनिज रुपन्देहीका अध्यक्षसोनु थापा, सचिव राज चौधरी, कोषाध्यक्ष मिन रानाले आ-आफ्ना भनाइ राखेका थिए।

# जेष्ठ नागरिक सम्मान

वालिङ। स्याङ्जाको वालिङ नगरभित्र रहेका जेष्ठ नागरिकहरुलाई मातापिता प्रतिष्ठान वालिङले सम्मान गरेको छ। जेष्ठ नागरिकको दिर्घायूको कामना गर्दै ८४ वर्षमाथिका जेष्ठ नागरिकलाई सम्मान गरिएको हो। वालिङ नगरभित्र १४ ओटै वडाका ८४ वर्ष माथिका १४ जना जेष्ठ नागरिकलाई मातापिता प्रतिष्ठानले सामाजिक उत्तरदायित्वअन्तर्गत सम्मान गरिएको जनाएको छ।

गण्डकी प्रदेशसभा सांसद एवं अर्थ तथा विकास समितिका सभापति भोजराज अर्यालले दोसल्ला र सम्मानपत्र र नगद सहित जेष्ठ नागरिकलाई सम्मान गरेका थिए। सम्मानपछि बोल्दै सभापति अर्यालले सामाजिकरुपमा मानिस–मानिसबिच सम्मान र नैतिकता हराउँदै जान थालेका बेला मातापिता प्रतिष्ठानले जेष्ठ नागरिक सम्मान गरेर उदाहरणीय काम गरेको बताए। 'पछिल्लो समय समाजमा मानवीय नैतिकता कम हुँदै गएको छ,' सभापति अर्यालले भने-'मानव जीवनमा सेवा र आत्मियभाव भएन भने समाजमा विकृत्ति र विसंगतिको विकास हुन्छ, प्रतिष्ठानले सिकाएको नैतिकता सबैले अनुसरण गर्नु आवश्यक छ।'

'घरमा मातापिता तथा जेष्ठ अभिभावकहरुको सेवा गरिएन भने मन्दिरमा देउता पुज्नुको कुनै औचित्य हुँदैन,' उनले भने-'मातापिता धर्तीका ज्यूँदा भगवान हुन्, उनीहरुको सेवा गर्नु नै धर्म हो, प्रतिष्ठानले जुन उद्देश्य राखेर अगाडि बढेको छ यसमा हामी सबैको साथसहयोग रहनुपर्छ।' कार्यक्रममा कालीगण्डकी ज्ञानविज्ञान प्रतिष्ठानका अध्यक्ष चैतन्यकृष्ण महाराजजीले बाल संस्कार, मातापिताप्रतिको कर्तव्यलगायतका विषयमा प्रवचन दिँदै बालसंस्कार सिकाइएन भने धेरै सुधारगृहहरु खोल्नुपर्ने बाध्यता आउने सुझाव दिए। '

संस्कार र आध्यात्म चिन्तनको अभावले समाजमा विकृति देखा पर्दै जान थालेको छ,' उनले भने- 'संस्कृति हराउदा संस्कार हराउँछ, संस्कार हराउँदा मानवीय नैतिकता हराउँदै जान्छ, अहिलको शिक्षाले संस्कार र नैतिकता हराउने खालको हुँदा जेष्ठ नागरिकको सेवा, सम्मानमा जटिलता उत्पन्न भएको छ।' यस विषयमा कानुन बनाउने सांसदहरुले बेलैमा सोच्नुपर्ने सुझाव चैतन्यको थियो। यस्ता प्रतिष्ठानहरुले गाउँ–गाउँमा सचेतना जगाउने बेला आएको उनले बताए।

समाजलाई नैतिकता र संस्कार सिकाउन नै यो सस्था स्थापना गरिएको प्रतिष्ठानका अध्यक्ष श्यामप्रसाद ढुङ्गानाले जानकारी दिए। संस्थाले नगरभित्र रहेका सबै जेष्ठ नागरिकलाई समेट्न नसके पनि प्रतिनिधि मुलक समेटेर सन्देश दिने काम गरेको अध्यक्ष ढुङ्गानाले बताए। अन्य संस्थाहरुले पनि समाजका अभिभावकहरुलाई सम्मान गनुपर्छ भन्ने सन्देश जाने ध्येयले यो कार्यक्रम आयोजना गरिएको प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानले गरेको सम्मानको जेष्ठ नागरिकहरुले खुलेर प्रशंसा गरेका थिए।

"समुन्नत सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त र समृद्ध तिलोत्तमा नगर"

## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ प्रमाणित नगरपालिका"

## नगर प्रहरी आवश्यकतासम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति:२०८१/४/२७**

यस नगरपालिकाको लागि देहायका पदमा सेवा करारमा नगर प्रहरी भर्ना गर्नुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (२०८१/५/९ गते सम्म) नगरपालिका कार्यालयमा रित पूर्वकको दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**क. पदको विवरण:**

जम्मा माग पद संख्याः १५ (पन्ध्र) जना

| क्र.सं. | विज्ञापन नं. | पद | पदपूर्तिको किसिम | माग पद संख्या |
|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | नगर प्रहरी जवान | खुल्ला | ८ (आठ) |
| २ | ०२/०८१/०८२ | नगर प्रहरी जवान | महिला | २ (दुई) |
| ३ | ०३/०८१/०८२ | नगर प्रहरी जवान | आदिवासी/जनजाती | २ (दुई) |
| ४ | ०४/०८१/०८२ | नगर प्रहरी जवान | मधेसी | २ (दुई) |
| ५ | ०५/०८१/०८२ | नगर प्रहरी जवान | दलित | १ (एक) |

प्रकाशित सूचनाको विस्तृत विवरण नगरपालिकाको वेभसाइट www.tilottamamun.gov.np तथा नगरपालिकाको आधिकारीक Face book पेज बाट हेर्नुहुन तथा थप जानकारी नगरपालिकाको प्रशासन उप-शाखाबाट लिनुहुन जानकारी गराइन्छ।




आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्

सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७५४४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१९५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com